काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ८ ❐ शुक्रवार, ९ असोज, २०८३ ❐ Friday, 25 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

दुई दशक बित्यो, वीरेन्द्रनगरको चक्रपथ सम्पन्न भएन, खण्ड–खण्डमा काम भने चल्दै

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ असोज

वीरेन्द्रनगरको चक्रपथ निर्माण कार्य सुरु भएको दुई दशक पुरा भयो । तर निर्माण कार्य भने अहिलेसम्म सम्पन्न हुन सकेको छैन । वीरेन्द्रनगरलाई विकासको मुख्य कडीका रुपमा विकास गर्ने उद्देश्यले तत्कालीन जिल्ला विकास समितिले आर्थिक वर्ष ०६२/६३ बाट चक्रपथ निर्माण थालेको थियो । तर स्थानीयको अवरोध, अदालतको आदेश, संरक्षित वन क्षेत्रलगायत कारणले चक्रपथ निर्माण कार्य सुस्ताएको हो ।

३१ किलोमिटर लामो चक्रपथ निर्माण थालिएको १६ वर्ष पुग्दा २०७८ सालसम्म २१ किलोमिटर ट्याक खोलिएको थियो । त्यतिबेला सुब्बाकुनादेखि अमृतडाँडासम्म करिब एक किलोमिटर सडक मात्रै कालोपत्र भएको थियो । बाँकी खण्डमा स्थानीयको जग्गा तथा घर सडकमा पर्ने विवाद, अदालतको आदेश र वन क्षेत्रका कारण निर्माण अघि बढ्न सकेको थिएन ।

चक्रपथ निर्माणका क्रममा स्थानीयले सडकमा आफ्नो जग्गा तथा घर पर्ने भन्दै क्षतिपूर्तिको माग गर्दै आएका थिए । केही स्थानीयले जिल्ला अदालतमा मुद्दा दायर गरेपछि अदालतले समेत केही क्षेत्रमा काम रोक्न आदेश दिएको थियो । विवाद नभएका क्षेत्रमा भने निर्माण अघि बढाइएको थियो । वीरेन्द्रनगरका विभिन्न वडामा ट्याक खोल्नसमेत नसकिएको अवस्था थियो ।

लामो समयदेखि विभिन्न अवरोधका कारण सुस्त बनेको चक्रपथको पुरानो ठेक्काको अवधि पनि पटक-पटक थपिएको थियो । आव २०७९/८० को



असारमा सम्झौताको अवधि सकिएपछि पुरानो ठेक्काबाट बाँकी काम अघि बढ्न सकेन । त्यसपछि चक्रपथको बाँकी काम नयाँ प्रक्रियाबाट अघि बढाउने तयारी गरिएको हो ।

अहिले भने चक्रपथअन्तर्गत नेवारे खोला-धुलियाबिट खण्डमा नयाँ ठेक्कामार्फत निर्माण भइरहेको छ । पुर्वाधार विकास निर्देशनालय सुर्खेतका अनुसार करिब ४ दशमलव ३ किलोमिटर सडक कालोपत्र गर्ने काम हो,' उनले भने, 'अहिले दुईवटा बक्स कल्भर्ट निर्माणाधीन छन् भने एउटा स्ल्याब कल्भर्टको काम सकिएको छ । नाली निर्माणको काम पनि भइरहेको छ ।'

उनका अनुसार भौगोलिक अवस्था र वर्षायामका कारण केही स्थानमा काम गर्न कठिनाइ भए पनि सम्भव भएका ठाउँमा निर्माण जारी छ । असारदेखि भदौसम्म वर्षाका कारण काम गर्न कठिन हुने भएकाले बाँकी काम मौसम अनुकूल भएपछि अघि बढाइनेछ । 'भौगोलिक अवस्थाका कारण केही ठाउँमा काम गर्न समस्या छ,' थापाले भने, 'वर्षाको समयमा पनि काम गर्न मिल्ने ठाउँमा काम भइरहेको छ । बाँकी काम हिउँद तथा सुख्खा मौसममा अघि बढाउँछौं ।'

हाल निर्माण भइरहेको नेवारे खोला-धुलियाबिट खण्डमा विगतका विवादका कारण काम रोकिएको अवस्था नरहेको निर्देशनालयले जनाएको छ । स्थानीयबाट सडकले घर तथा संरचनामा पार्न सक्ने प्रभावबारे चासो व्यक्त हुने गरे पनि आवश्यक छलफल र समन्वयबाट समस्या समाधान गर्दै काम गरिने थापाले बताए ।

चक्रपथको यही खण्डमा नयाँ ठेक्कामार्फत काम अघि बढे पनि ३१ किलोमिटरको सम्पूर्ण चक्रपथ भने अझै पूरा हुन बाँकी छ । पुरानो आयोजनामा ट्याक खोलिएको भागलाई सडक स्तरोन्नति र कालोपत्र गर्नुपर्ने तथा ट्याक नै खोल्न बाँकी रहेका स्थानमा नयाँ काम अघि बढाउनुपर्ने अवस्था छ ।

यसबीच चक्रपथका बाँकी खण्डका लागि आवश्यक प्राविधिक प्रक्रिया अघि बढाउने तयारी भइरहेको छ । पूर्वाधार विकास निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजंग शाहीका अनुसार नेवारे खोला-धुलियाबिट खण्डमा ठेक्का सम्झौता भएर काम भइरहे पनि बाँकी खण्डमा एलाइनमेन्ट, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), वातावरणीय अध्ययनलगायतका प्रक्रिया पूरा गर्नुपर्नेछ । 'बाँकी खण्डका लागि एलाइनमेन्ट, डीपीआर र वातावरणीय अध्ययनलगायतका प्राविधिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । त्यसपछि मात्रै निर्माणको काम अघि बढाउन सकिन्छ,' शाहीले भने ।

बाँकी खण्डको डीपीआर तथा वातावरणीय अध्ययनको काम विश्व बैंकको सहयोगमा सञ्चालित प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (पीएलआरआईपी) मार्फत अघि बढाउने तयारी छ । नेपालमा प्रादेशिक तथा स्थानीय सडकको सुधारका लागि विश्व बैंकको सहयोगमा सञ्चालित उक्त कार्यक्रममा कर्णालीसहित विभिन्न प्रदेशका सडक आयोजना समेटिएका छन् ।

चक्रपथको बाँकी खण्डका लागि बजेटको व्यवस्था भए पनि निर्माण सुरु हुने निश्चित मिति भने तय भइसकेको छैन । आयोजना कार्यालयबाट आवश्यक प्रक्रिया पूरा गरी सम्झौता भएपछि मात्र बाँकी खण्डको काम अघि बढ्नेछ । बाँकी खण्डको सुरुवात सुब्बाकुनाबाट गर्ने वा अन्य बिन्दुबाट गर्ने भन्ने विषय पनि प्राविधिक अध्ययनपछि टुंगो लाग्ने सूचना अधिकारी शाहीले जनाए ।

चक्रपथको निर्माणले वीरेन्द्रनगर उपत्यकाका विभिन्न बाँकी पृष्ठ २

प्रधानमन्त्री शाहले राष्ट्रसंघीय महासभालाई आज बिहान सम्बोधन गर्ने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असोज

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले सम्बोधन गर्दैछन् ।

नेपाली समयअनुसार शुक्रबार बिहान करिब ५:०० बजेदेखि ६:०० बजेको बीचमा प्रधानमन्त्री शाहले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । वक्ताहरूको निर्धारित क्रम अनुसार यो समय केही अगाडि वा पछाडि हुन सक्ने जानकारी दिइएको छ ।

प्रधानमन्त्री शाहले गर्ने सम्बोधनको प्रत्यक्ष प्रसारण यूएन वेब टीभीमार्फत हेर्न सकिने छ । राष्ट्रसंघको यस मञ्चबाट नेपालले मुख्यगरी जलवायु न्यायको मुद्दालाई प्राथमिकताका साथ राख्ने अपेक्षा गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

कति मेगावाट पुग्यो कर्णालीमा विद्युत् उत्पादन ?



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ असोज

कर्णालीको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदनले प्रदेशको ऊर्जा क्षेत्रमा रहेको सम्भावना र वास्तविक उपलब्धिबीच ठूलो अन्तर देखाएको छ । मन्त्रालयले असोज ५ गते प्रतिवेदन सार्वजनिक गरेको हो ।

आर्थिक वर्ष २०७६/७७ सम्म प्रदेशमा ८ मेगावाट विद्युत् उत्पादन भएको थियो, २०८०/८१ सम्म १६ मे गावाट पुगेको छ ।

मन्त्रालयका प्रवक्ता तथा योजना महाशाखा प्रमुख वरिष्ठ सी.डी.ई. रमेश सुवेदी पूर्वाधार अभावले अपेक्षित गतिमा आयोजना अघि बढ्न नसकेको बताउँछन् । "कर्णालीमा जलविद्युत्को सम्भावना ठूलो छ । तर, सम्भाव्यता र डीपीआर तयार हुनु मात्रै पर्याप्त हुँदैन," उनले भने, "आयोजना निर्माणका लागि आवश्यक लगानी, पहुँच मार्ग र प्रसारण संरचना तयार हुनुपर्छ ।"

कर्णालीमा जलविद्युत् उत्पादनमा उच्च सम्भावना भए पनि ठूलो हिस्सा अध्ययन, योजना र कागजी लक्ष्यकै तहमा छ । "अब कर्णालीमा सम्भावना कति छ भनेर मात्र चर्चा गरेर हुँदैन," सुवेदी भन्छन्, "सम्भाव्यता भएका आयोजनालाई निर्माणमा लैजाने र उत्पादित विद्युत्लाई राष्ट्रिय प्रणालीमा जोड्ने पूर्वाधार एकैसाथ अघि बढाउनुपर्छ ।"

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले जलस्रोत तथा ऊर्जा विकास बाँकी पृष्ठ ३

पहिरोको जोखिममा साँगाटिया बस्ती

❐ काँक्रेविहार संवाददाता
कालीकोट, ८ असोज

जिल्लाको रास्कोट नगरपालिका-३ को साँगाटिया बस्ती पहिरोको अति जोखिममा छ । बस्ती भएको क्षेत्र नै भासिँदै गएकाले कुनै पनि बेला पूरै बस्ती पहिरोमा पर्न सक्ने खतरा रहेकाले यो बस्तीलाई २०७९ साल असोजमा नै उच्च जोखिममा पारेको भनी वर्गीकरण गरिएको थियो ।

उतिबेला नै घरका आँगनदेखि बस्तीको सिरान पूरै चिरा परेपछि दुई सातासम्म नागरिकले वासस्थान छोड्नु परेको थियो । पाँच वर्षअघिदेखि नै नगरपालिकाले बस्ती स्थानान्तरण गर्ने छलफल चलाए पनि अझैसम्म त्यो



काम हुन नसकेको स्थानीयले गुनासो गरेका छन् ।

एमाले नेता दयाराम सिम्खडाले नगरपालिका नेतृत्वकै कारणले नागरिक असुरक्षित हुँदै गएको आरोप लगाए । उनले बस्ती सार्ने विषयमा छलफल भए पनि त्यतिबेला टुङ्गिनसकेकाले योजना अलपत्र परेको बताए । बस्ती सरिरहेको क्षेत्रमा बसोबास गर्दै आएका मेगे दर्जीले पानी परेका दिनमा राति निद्रा नलाग्ने दुःखेसो व्यक्त गरे ।

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद ग
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

बालविवाह अन्त्यको अभियान मात्र होईन परिणाम देखाऊ

कर्णालीमा बालविवाह अन्त्य गर्ने अभियान चलेको वर्षौं भयो । तीनै तहका सरकारदेखि विभिन्न गैरसरकारी संस्थासम्मले बालविवाह न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरिरहेका छन् । विद्यालयमा सचेतना, बालक्लब गठन, समुदायस्तरका अभियान र नीति-रणनीति पनि बनेका छन् । तर तथ्यांकले भने अभियानको प्रभावबारे गम्भीर प्रश्न उठाएको छ । २० वर्ष नपुग्दै आमा बन्ने किशोरीको संख्या अझै ठूलो हुनु यसको स्पष्ट संकेत हो । कर्णालीमा आर्थिक वर्ष २०८२/८३ मा संस्थागत सुत्केरीमध्ये २१ दशमलव ३४ प्रतिशत २० वर्षमुनिका किशोरी थिए । अघिल्लो वर्ष यो २० दशमलव ८२ प्रतिशत थियो । अझ महत्वपूर्ण कुरा, २०८१/८२ मा २० वर्षमुनिका ८ हजार २ सय ७७ किशोरी पहिलोपटक गर्भजाँचका लागि स्वास्थ्य संस्थामा पुगेकामा २०८२/८३ मा यो संख्या बढेर १० हजार २ सय ९० पुगेको छ । यसले समस्या विवाहको उमेरमा मात्रै सीमित छैन, किशोरी गर्भधारणसम्म फैलिएको देखाउँछ ।

नेपाल बहुसूचक सर्वेक्षण २०२४-२५ ले पनि कर्णालीमा १८ वर्षअघि विवाह गर्ने महिलाको हिस्सा ४३ दशमलव ४ प्रतिशत देखाएको छ, जुन राष्ट्रिय औसत ३३ दशमलव ८ प्रतिशतभन्दा माथि हो । १५ देखि १९ वर्षका किशोरीमध्ये २४ दशमलव ४ प्रतिशत विवाहित वा वैवाहिक सम्बन्धमा रहेको तथ्यांक पनि उत्तिकै चिन्ताजनक छ । यसको अर्थ सरकारले अभियान चलाएन भन्ने होइन । समस्या अभियानको निरन्तरताभन्दा पनि त्यसको प्रभावकारिता र कार्यान्वयनमा छ । किशोरीको विवाह रोक्न विद्यालयमा कार्यक्रम गरेर मात्रै पुग्दैन । परिवारको सोच, आर्थिक अवस्था, सामाजिक दबाब, लैंगिक विभेद, महिनावारीसम्बन्धी गलत धारणा र किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञानलाई एकैपटक सम्बोधन गर्नुपर्छ ।

सरकारले बनाएका नीति र रणनीति कागजमा सीमित हुनु हुँदैन । स्थानीय तहले आफ्ना समुदायमा बालविवाहको अवस्था पहिचान गरी जोखिममा रहेका किशोरीलाई लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालय छाड्ने किशोरी, आर्थिक रूपमा कमजोर परिवार र बालविवाहको जोखिममा रहेका समुदायलाई विशेष प्राथमिकता दिन आवश्यक छ । अझ विडम्बना त के छ भने छोरीको भविष्य सुरक्षित गर्ने उद्देश्यले सुरू गरिएको 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको' कार्यक्रमसमेत पछिल्ला चार वर्षदेखि नियमित हुन सकेको छैन । करिब ५६ हजार छोरी आबद्ध कार्यक्रमको भविष्य अन्योलमा पर्नु आफैंमा गम्भीर विषय हो । बालविवाह अन्त्य घोषणा गर्ने लक्ष्य राखेर मात्र हुँदैन । किशोरीले आफ्नो जीवनबारे आफैं निर्णय गर्न सक्ने वातावरण बनाउनु, शिक्षा निरन्तरता दिनु र सुरक्षित स्वास्थ्य सेवा सुनिश्चित गर्नु नै यसको वास्तविक मापदण्ड हो । कर्णालीमा अब अभियान मात्र होईन अभियानको प्रभावकारी परिणाम देखिन आवश्यक छ ।

बाढीको पूर्वसूचना :

नेपालले के सिक्यो, के सिक्न बाँकी छ ?



✍ लक्ष्मण लामा

लाङटाङ लिरुङको माथिबाट खसेको चट्टान र हिउँका कारण गत अगस्ट २६ मा आएको बाढीले नेपालमा १,४०० भन्दा बढी मानिसको ज्यान लिएको छ, ६,००० भन्दा बढी बेपत्ता छन् र करिब २.६ अर्ब डलर बराबरको क्षति पुऱ्याएको अनुमान गरिएको छ । खोजी कार्य जारी रहँदा यी तथ्याङ्कहरू थप परिवर्तन हुन सक्छन् । बाढीको भग्नावशेष प्रतिघण्टा १९० किलोमिटरको गतिमा बगेको थियो । सो बिहान नेपालको विद्यमान चेतावनी प्रणाली, स्याटेलाइट कभरेज र अन्तर्राष्ट्रिय सहयोगमा के-कस्ता सीमितता थिए, ती तल विस्तारमा दिइएका छन् । प्रधानमन्त्री बालेन्द्र शाहले सेप्टेम्बर २४ मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ ।

अगस्ट २६ को बिहान

नेपाल-तिब्बत सीमा नजिक रहेको एक सेन्सरले रातभरि नै दश-दश मिनेटको अन्तरालमा बाढीसम्बन्धी तथ्याङ्क पठाएको थियो । तर, बिहान ८:३७ बजेको पहिरो गएको १३ मिनेटपछि ८:५० बजे आउनुपर्ने तथ्याङ्क कहिल्यै आएन । जल तथा मौसम विज्ञान विभागले बिहान ९:१५ बजे बाढीको पुष्टि गर्दै सार्वजनिक चेतावनी जारी गऱ्यो । एक मिनेटभित्रै ६,७९,००० मोबाइल फोनमा उक्त चेतावनी पुग्यो । तर, त्यसको तल्लो तटीय क्षेत्रमा कुनै व्यावहारिक प्रभाव परेन, किनकि बाढीले बाटोमा पर्ने ती गेज स्टेसनहरूलाई ध्वस्त पारिसकेको थियो जसले चेतावनीलाई अगाडि बढाउने थिए ।

सूचीभन्दा बाहिरको खतरा

वैज्ञानिकहरू अझै पनि बाढीको वास्तविक कारण पत्ता लगाउँदै छन् । तर यो जे भए तापनि, यो कुनै पनि अवस्थित जोखिम सूचीमा थिएन । जल तथा मौसम विज्ञान विभागले घटनापछि मात्र तिब्बतको सीमापारि रहेको क्षेत्रको स्याटेलाइट तस्बिर प्रयोग गरेर यसको स्रोत पत्ता लगाएको हो । यस्तै ढाँचा नेपालको २०२४ को थामे बाढी र सिक्किमको २०२३ को दक्षिण ल्होनाक प्रकोपमा पनि देखिएको थियो । दुवै घटनाहरू कुनै सूचीमा नभएका तालहरूबाट सुरु भएका थिए । यसले के देखाउँछ भने, हिमनदीसँग सम्बन्धित भौगोलिक विशेषताहरू जति छिटो परिवर्तन हुन्छन्, हाम्रो जोखिम सूचीहरूले त्यसको गति समात्न सकेका छैनन् ।

अन्य देशले आफ्नो लगानीबाट के हासिल गरे?

समान जोखिम सामना गरिरहेका अन्य देशहरूले रोकथाममा प्रत्यक्ष लगानी गरेका छन्, जसको नतिजा पनि देखिएको छ । बंगलादेश यसको सबैभन्दा स्पष्ट उदाहरण हो । सन् १९७० को भोला चक्रवात, जसले ३ देखि ५ लाख मानिसको ज्यान लिएको थियो, त्यसपछिका ५० वर्षसम्म बंगलादेशले चरम गरिबीको अवस्थाबाट माथि उठ्दै १२,००० भन्दा बढी चक्रवात आश्रयस्थल बनायो र ५५,००० भन्दा बढी स्वयंसेवकहरूलाई तालिम दियो ।

फलस्वरूप, सन् २०२० मा उस्तै तीव्र गतिको 'अम्फान' चक्रवात आउँदा बंगलादेशले २४ लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सफल भयो र मृत्यु हुनेको संख्या २६ मा सीमित रह्यो । भुटानले पनि सानो स्तरमा यही नीति अपनाएको छः १० लाखभन्दा कम जनसंख्याका लागि बनेका उनका दुईवटा बाढी चेतावनी नेटवर्कहरू ७५ लाख डलरको लागतमा निर्माण भएका थिए, जसलाई मुख्यतया 'ग्लोबल इन्भायरन्मेन्ट फ्यासिलिटी' ले सहयोग गरेको थियो । नेपालले यी दुवै क्षेत्रमा त्यस्तो तुलनात्मक लगानी गर्न सकेको छैन ।

नेपालका स्याटेलाइटहरू

नेपालले दुई पटक आफ्नै स्याटेलाइट निर्माण गर्ने प्रयास गरेको छ, जुन प्रयास अन्य समान आयस्तर भएका देशहरूले पनि गरेका छन् । एउटा नेपाली स्याटेलाइटको क्षमता बाढी-म्यापिङका लागि उपयुक्त थिएन, अर्को सन् २०२६ को जनवरीमा लन्च गर्ने क्रममा असफल भयो । यसको विपरीत, यसपटकको बाढीको नक्सांकन गर्ने तस्बिरहरू अन्य देशका स्याटेलाइटहरूले केही दिनभित्रै निःशुल्क उपलब्ध गराएका थिए । यस्ता तस्बिर हरूको मुख्य उद्देश्य कुन-कुन तालमा निगरानी आवश्यक छ भनी पहिचान गर्नु हो, जसको संख्या नेपालमा अहिले २१ छ । कुनै ताल कहिले फुट्छ भनेर निश्चित घण्टा पत्ता लगाउनु एक छुट्टै कार्य हो, जुन जोखिम नजिक राखिएका र सामुदायिक चेतावनी प्रणालीसँग जोडिएका ग्राउन्ड सेन्सरहरूद्वारा गरिन्छ । यो स्याटेलाइटको तुलनामा निकै सस्तो पर्छ । उदाहरणका लागि, नेपालको रातु नदीमा रहेको क्षऋक्षःइम को प्रणालीले ६४,००० मानिसलाई करिब तीन घण्टा अघि नै चेतावनी दिने गर्दछ ।

नेपालले के पाइरहेको छ?

नेपालले प्रकोपको स्याटेलाइट म्यापिङ निःशुल्क पाइरहेको छ, यद्यपि यो नेपालको आफ्नै व्यवस्था भने होइन । यो बाढीको सूचना दिन प्रयोग भएका दुई च्यानलमध्ये 'कोपरनिकस' को आपतकालीन व्यवस्थापन सेवा, जसले केही दिनमै बाढीको दायरा नक्सांकन गऱ्यो, त्यो केवल युरोपेली संघ र त्यसका सदस्यहरूका लागि मात्र सीमित छ । नेपाल त्यसको सदस्य होइन । अर्को च्यानल 'इन्टरनेसनल चार्टर स्पेस एण्ड मेजर डिजास्टर्स' ले एसियन डिजास्टर रिडक्सन सेन्टरमार्फत नेपालका लागि अनुरोध गर्नुपऱ्यो ।

यी दुवै प्रणाली तब मात्र सक्रिय हुन्छन् जब प्रकोप घोषित भइसकेको हुन्छ, पहिले होइन । प्रकोप आउनुअघि नै जोखिमयुक्त क्षेत्रमा स्याटेलाइटलाई सक्रिय राख्ने व्यवस्था गर्न सके यो निकै प्रभावकारी हुनेछ, र यसका लागि अन्तर्राष्ट्रिय प्रणालीलाई धेरै खर्च पनि लाग्दैन, किनकि ती स्याटेलाइटहरू हिमालय माथिबाट नियमित रूपमा गइरहेकै हुन्छन् । यो संयुक्त राष्ट्रसंघको मञ्चमा राख्न सकिने एक विशिष्ट र कार्यान्वयनयोग्य प्रस्ताव हो ।

आर्थिक पक्ष

विश्व बैंकको एक प्रतिवेदनअनुसार पूर्व-चेतावनी प्रणालीमा गरिएको लगानीले आफ्नो लागतको तुलनामा कैयौं गुणा बढी प्रतिफल दिन्छ । यो २.६ अर्ब डलरको क्षतिलाई हेर्दा, लगानीको महत्त्व प्रस्ट हुन्छ । तर, नेपालको बजेटमा यस्तो निगरानी प्रणालीका लागि कुनै छुट्टै शीर्षक राखिएको छैन । बाढीका लागि अन्तर राष्ट्रिय स्रोतबाट करिब २२९ मिलियन डलर र स्वदेशबाट ८६.७ मिलियन डलर सहयोग प्राप्त भएको छ, जसको अधिकांश हिस्सा उद्धार र पुनर्स्थापनामा खर्च भइरहेको छ । सन् २०१५ को भूकम्प पछि पनि यस्तै सहयोग प्राप्त भएको थियो, तर ४.१ अर्ब डलरको प्रतिबद्धतामध्ये ६ वर्षपछि करिब ४० प्रतिशत मात्र खर्च भएको थियो । थप सहयोग आउनु भन्दा पनि, प्राप्त रकमको सही बाँडफाँड कसरी हुन्छ भन्ने कुरा बढी महत्त्वपूर्ण छ ।

प्रविधिको पछाडिका संस्थाहरू

नेपाली अनुसन्धानकर्ताहरूले 'नेपाली स्याट-१' र 'मुनाल' (जुन जनवरीमा लन्चका क्रममा असफल भयो) जस्ता परियोजनामार्फत वास्तविक प्राविधिक महत्वाकांक्षा देखाएका छन् । तर, स्याटेलाइट वा सेन्सरको तथ्याङ्कलाई प्रयोगयोग्य चेतावनीमा बदल्नका लागि निरन्तर काम गर्ने र बजेट प्राप्त संस्था आवश्यक पर्दछ । हाल नेपालमा यो जिम्मेवारी विभिन्न निकायमा छरिएको छ । जल तथा मौसम विज्ञान विभागमा छुट्टै 'क्रायोस्फियर' (हिमनदी अध्ययन) एकाइ छैन र 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण' ले आफैं विश्लेषण गर्नुभन्दा अन्तबाट प्राप्त विश्लेषणमा निर्भर हुनुपर्ने अवस्था छ । यो क्षेत्रमा काम गर्ने वास्तविक संस्था क्षऋक्षःइम हो, जो एक क्षेत्रीय संस्था हो, नेपाल सरकारको होइन । विश्वविद्यालय र तिनलाई सहयोग गर्ने निकायहरूले यो खाडल पुर्न सक्छन्, तर यो काम हरेक विपद्पछि कसले गर्ने भनी अल्मलिने नभई, एक स्थायी कार्यको रूपमा हुनुपर्छ ।

निष्कर्ष

पहिलो, नेपालको स्याटेलाइट पहुँच पर्याप्त छः निःशुल्क तस्बिरहरू उपलब्ध छन् र अन्तर्राष्ट्रिय निकायहरूले विपद्को केही दिनमै प्रतिक्रिया दिइरहेका छन् । दोस्रो, वास्तविक समस्या जमिनको सतहमा छ, जहाँ जोखिम नजिकै सेन्सरहरू राख्नु आवश्यक छ, ताकि एउटै बाढीले सबै प्रणाली ध्वस्त नहोस् ।

यो स्याटेलाइटभन्दा सस्तो प्रविधि हो । तेस्रो, नेपाल विपद्को प्रतिक्रिया दिनमा सक्षम छ, तर त्यसलाई रोक्नमा अझै तुलनात्मक रूपमा कमजोर छ । यो समस्याको समाधान एउटा उचित घरेलु निगरानी बजेट, तथ्याङ्कलाई निर्णयमा बदल्ने जिम्मेवार संस्था र राष्ट्रसंघमा स्थायी स्याटेलाइट प्राथमिकताको स्पष्ट प्रस्तावबाट सुरु हुन सक्छ ।

दुई...

बस्ती र वडालाई सडक सञ्जालमा जोड्ने उद्देश्य राखेको छ । यसको रुट सुब्बाकुनाबाट घुम्रा हुँदै उपत्यकाको दक्षिण भागबाट बाङ्गेसिमलसम्म जोडिने गरी अघि बढाइएको हो ।

यस क्रममा वीरेन्द्रनगर नगरपालिकाका वडा नं. १, २, ८, १० र १२ लगायतका क्षेत्रमा जग्गा तथा घरसम्बन्धी विवाद देखिँदै आएपनि नगरपालिका तथा अन्य निकायको पहलमा विवाद समाधान गर्दै काम अघि बढाइएको छ । केही क्षेत्रमा व्यक्तिगत जग्गा पर्ने र बाङ्गेसिमलदेखि जिरो ड्यामतर्फको उत्तरी क्षेत्रमा वन पर्ने भएकाले निर्माण प्रभावित भएको थियो ।

चक्रपथ निर्माणको जिम्मेवारी पनि समयसँगै परिवर्तन भएको छ । सुरुमा तत्कालीन जिल्ला विकास समितिले निर्माण थालेको यो आयोजना संघीय सरकारको बजेटबाट अघि बढाइएको थियो । पछिल्लो चरणमा आयोजना प्रदेश सरकार मातहत आएको हो । बजेट तथा ठेक्का व्यवस्थापन संघीय सरकारबाट हुँदै आए पनि निर्माणको काम प्रदेश सरकारमार्फत भइरहेको थियो ।

प्रदेश सरकारतर्फबाट पनि चक्रपथमा बजेट विनियोजन हुँदै आएको छ । आर्थिक वर्ष २०८२/८३ को प्रदेश बजेटमा 'सुर्खेत उपत्यका चक्रपथ (नेवारे-धुलियाबिट र सालसाँडाँ-मनिकापुर खण्ड)' शीर्षकमा ६ करोड ७० लाख रुपैयाँ विनियोजन गरिएको थियो । चालु आर्थिक वर्ष २०८३/८४ मा पनि प्रदेश सरकारले सडक पूर्वाधारका आयोजनामा चक्रपथलाई समेटेको छ ।

प्रदेशको चालु आवको बजेटमा चक्रपथसहित अन्य सडक पूर्वाधारअन्तर्गतका विभिन्न १४ वटा आयोजनाका लागि ६५ करोड रुपैयाँ छुट्याइएको उल्लेख छ । तर चक्रपथका लागि ठ्याक्कै बजेट छुट्याइएको छैन । आयोजना कार्यालयमार्फत बजेट आएपछि मात्रै यो आवको नयाँ ठेक्काको प्रक्रिया अगाडी बढ्ने पुर्वाधार निर्देशनालयका सूचना शाहीले बताए ।

कर्णाली याक्सलाई पल्मबर पाइपको साथ

❐ काँक्रेविहार संवाददाता
काडमाडौं, ८ असोज

नेपाल प्रिमियर लिग (एनपिएल) को फ्रेन्चाइज टोली कर्णाली याक्सले पल्मबर पाइपसँगको सहकार्यलाई निरन्तरता दिएको छ । कर्णाली याक्स र जय बागेश्वरी रोटो माउल्डिङ इन्डस्ट्रिजबीच एनपिएलको तेस्रो संस्करणका लागि आज सम्झौता भएको हो ।

सम्झौतापत्रमा कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र जय बागेश्वरी रोटो माउल्डिङ इन्डस्ट्रिजका प्रबन्ध निर्देशक नीतिन जलानले हस्ताक्षर गरे । सम्झौतासँगै जय बागेश्वरी रोटो माउल्डिङ इन्डस्ट्रिजको उत्पादन पल्मबर पाइप सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग सिजन-३ मा कर्णाली याक्सको 'हेडगेयर पार्टनर' रहनेछ ।

सम्झौता तीन वर्षको लागि भएको हो । पल्मबर गत सिजन कर्णाली याक्सको प्रमुख प्रायोजकका रूपमा जोडिएको थियो । यस पटक भने साझेदारीको स्वरूप परिवर्तन भए पनि पल्मबरले कर्णाली याक्ससँगको सहकार्यलाई निरन्तरता दिएको हो । कर्णाली याक्सका क्रिकेट निर्देशक मल्लले गत यामदेखि सुरु भएको पल्मबरसँगको सहकार्यलाई यसपटक पनि निरन्तरता दिन पाउँदा खुसी लागेको बताए ।



"यो केवल प्रायोजन वा व्यावसायिक साझेदारी मात्र होइन, कर्णाली याक्सप्रतिको विश्वास र हाम्रो यात्रामा साथ दिने प्रतिबद्धताको निरन्तरता पनि हो । एनपिएलको तेस्रो संस्करणमा पनि पल्मबरको साथले हाम्रो टोलीलाई थप ऊर्जा र उत्साह दिने विश्वास लिएका छौं," उनले भने । साथै उनले पल्मबरले क्रिकेट विकासका लागि गत यामदेखि नै आफैं अग्रसर भएर कर्णाली याक्ससँग जोडिनुभएको र निरन्तर सहयोगका लागि धन्यवाद प्रदान गरे ।

जय बागीश्वरी रोटो माउल्डिङ इन्डस्ट्रिजका जलानले गत यामदेखि कर्णाली याक्ससँग जोडिएर काम गर्ने अवसर पाएका र त्यो सहकार्यलाई यसपटक पनि निरन्तरता दिन पाउँदा उत्साहित रहेको बताए । आगामी कात्तिक ९ देखि मङ्सिर ५ गतेसम्म सञ्चालन हुने एनपिएलका लागि कर्णाली याक्सले दुई विदेशी खेलाडी मार्क वाट र अक्बर अलीलाई आबद्ध गरिसकेको छ ।

प्रज्ञा-प्रतिष्ठानको पुस्तक प्रदर्शनीमा ४० प्रतिशतसम्म छुट



काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असोज

पाल प्रज्ञा-प्रतिष्ठानमा शुक्रबारदेखि बृहत् पुस्तक प्रदर्शनी-२०८३ सुरु हुने भएको छ। कमलादीस्थित प्रतिष्ठान परिसरमा असोज ९ देखि १८ गतेसम्म सञ्चालन हुने प्रदर्शनीमा नेपाली भाषा, साहित्य, कला, संस्कृति, दर्शन र ज्ञान-विज्ञानसम्बन्धी पुस्तक राखिनेछन्। प्रदर्शनीमा ४० प्रतिशतसम्मको सहुलियत मूल्यमा पुस्तक बिक्री गरिने प्रतिष्ठानले जनाएको छ।

प्राज्ञ परिषद् सदस्य नवीन अभिलाषीका अनुसार, प्रदर्शनीमा सरकारी तथा संस्थागत प्रकाशनका अतिरिक्त निजी प्रकाशन गृह, पुस्तक वितरक तथा सम्बन्धित संस्थाले समेत कक्ष राखी आफ्ना पुस्तक प्रदर्शन तथा बिक्री-वितरण गर्नेछन्। प्रदर्शनीमा साझा प्रकाशन, राष्ट्रिय अभिलेखालय, ललितकला, नेपालय, इन्डिगो इन्कलगायत प्रकाशन गृहको सहभागिता रहनेछ।

प्रदर्शनी कक्षमा भाषा, साहित्य, कला, संस्कृति, इतिहास, दर्शन, समाजशास्त्र, बालसाहित्य, लोकसाहित्य तथा अन्य ज्ञानमूलक एवं सिर्जनात्मक विधाका पुस्तकलाई विशेष प्राथमिकताका साथ राखिनेछ। सहभागी प्रकाशन गृह तथा संस्थालाई आयोजकले निर्धारण गरेको मापदण्ड तथा उपलब्धताका आधारमा प्रतिष्ठानले निःशुल्क कक्ष उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

कांग्रेस महाधिवेशनको लोगो र नारा सार्वजनिक

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असोज

नेपाली कांग्रेसले १५ औं महाधिवेशनको लोगो र नारा सार्वजनिक गरेको छ। बिहीबार फेसबुकमार्फत कांग्रेसले महाधिवेशनको लोगो र नारा सार्वजनिक गरेको हो।

कांग्रेसले महाधिवेशनका लागि 'परम्पराको सम्मान, परिवर्तनको संकल्प, समुन्नत नेपालका लागि सबल कांग्रेस अबको विकल्प' भन्ने नारा तय गरेको छ।

कांग्रेसले १६-१९ असोजमा केन्द्रीय महाधिवेशनको मिति निर्धारण



गरेको छ।

कांग्रेसले महाधिवेशनअन्तर्गत ३ असोजदेखि वडा, पालिका र प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन गरिरहेको छ।

कर्णालीमा अधिवेशन गर्न देउवा समूहले तोक्यो नौ जिल्लामा केन्द्रीय प्रतिनिधि

काँक्रेविहार संवाददाता
सुर्खेत, ८ असोज

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले कर्णाली प्रदेशअन्तर्गतका जिल्ला तहमा केन्द्रीय प्रतिनिधि खटाएको छ।

देउवा समूह पार्टीभित्र समानान्तर अधिवेशनको तयारीमा छ। सोही कार्यका निम्ति प्रतिनिधि खटाइएको हो।देउवा समूहले कर्णालीका १० मध्ये रुकुम पश्चिमबाहेक अरू नौ जिल्लामा केन्द्रीय प्रतिनिधि तोकेको उक्त पक्षका नेता दमनबहादुर शाहीले जानकारी दिए। सल्यानमा दीपक चन्द, डोल्पामा भैरवबहादुर शाही, जुम्लामा दीपेन्द्र हमाल, मुगुमा तिलकबहादुर मल्ल, हुम्लामा बखतबहादुर शाहीलाई प्रतिनिधिको जिम्मेवारी दिइएको उनले बताए।



कालीकोटमा दमनबहादुर शाही, जाजरकोटमा ज्ञानबहादुर शाही, दैलेखमा एकेन्द्रबहादुर पन्त र सुर्खेतमा महेन्द्र शाहीलाई केन्द्रीय प्रतिनिधि तोकिएको उनले जानकारी दिए। रुकुम पश्चिममा भने आज वा भोलिसम्म प्रतिनिधि तोकिने उनले बताए।

देउवा समूहले तोकेका प्रतिनिधिलाई सम्बन्धित जिल्लामा अधिवेशनको तयारी, स्थानीय तहका नेता-कार्यकर्तासँग समन्वय तथा संगठनात्मक गतिविधि अघि बढाउने जिम्मेवारी दिइएको छ।

कांग्रेसभित्र नेतृत्व र अधिवेशनका विषयमा संस्थापन र देउवा दुई समूहबीच मतभेद बढ्दो छ।

सदनमा सांसदको उपस्थिति व्यवस्थापन गर्न रास्वपाको समूहगत तालिका

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलले प्रतिनिधि सभा बैठकमा सांसदको उपस्थिति व्यवस्थापन गर्न समूहगत तालिका निर्धारण गरेको छ।

रास्वपा संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले सूचना जारी गर्दै संसदको छलफललाई गुणात्मक, प्रभावकारी र फलदायी बनाउन शून्य समय तथा समूहका आधारमा न्यूनतम उपस्थिति तालिका निर्धारण गरिएको बताएका छन्।

सूचनाअनुसार असोज ८ गते समूह ३, ४ र १ का सांसद अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ। असोज १२ गते समूह १ र २, असोज १३ गते समूह २ र ३, असोज १४ गते समूह ३ र ४, असोज १५ गते समूह ४ र १



तथा असोज १६ गते समूह १ र २ का सांसदको अनिवार्य उपस्थिति तोकिएको छ। सम्बन्धित समूहका सांसदलाई बैठक सुरु भएदेखि अन्त्यसम्म उपस्थित भएर छलफलमा सक्रिय सहभागी हुन निर्देशन दिइएको छ।

तर अन्य समूहका सांसदलाई संसदमा आउन अनिवार्य छैन भन्ने अर्थ नलिन पनि रास्वपाले स्पष्ट पारेको छ। विशेष अवस्थाबाहेक संसद बैठक सबै सांसदका लागि सधैँ बाध्यकारी हुनुपर्ने सूचनामा उल्लेख छ। त्यस्तै, बैठक अवधिमा छलफल प्रभावित नहुने गरी खाजा तथा अन्य आवश्यक कामका लागि सांसदले पालैपालो समय मिलाउनुपर्नेछ। कुनै प्रस्ताव वा विधेयक निर्णयार्थ प्रस्तुत हुने समयमा भने तोकिएका सबै सांसदको अनिवार्य उपस्थिति हुनुपर्ने रास्वपाले जनाएको छ।

कति...

मन्त्रालयका लागि ३ अर्ब ८३ करोड ३ लाख ५८ हजार बजेट विनियोजन गरे कोमा २ अर्ब ९० करोड ८३ लाख ७४ हजार रुपैयाँ अर्थात् ७५.९३ प्रतिशत खर्च भएको छ।

यद्यपि, ऊर्जा विकास कार्यक्रमका लागि छुट्टै विनियोजन गरिएको ६ करोड ६२ लाख मध्ये १४ लाख ९५ हजार अर्थात् २.२६ प्रतिशत मात्र खर्च भएको छ।

समग्र मन्त्रालयको खर्च ७५ प्रतिशत माथि पुगे पनि ऊर्जा विकासका लागि लक्षित रकमको खर्च ३ प्रतिशत पनि नपुग्नुले कार्यक्रम कार्यान्वयनमा रहेको कमजोरी देखाउँछ।

कर्णालीमा जलविद्युत् उत्पादनको सम्भावना भएका धेरै क्षेत्र दुर्गम भूगोलमा छन्। यसले प्रसारणलाइन विस्तारलाई पनि चुनौतीपूर्ण बनाएको छ। "ठूला आयोजना निर्माण भए पनि प्रसारणलाइन तयार भएन भने उत्पादित विद्युत्को उपयोग र बजार विस्तारमा समस्या आउँछ। त्यसैले उत्पादनसँगै प्रसारण पूर्वाधारलाई पनि प्राथमिकतामा राख्नुपर्छ," सुवेदी भन्छन्।

मन्त्रालयले विद्युत् वितरण प्रणालीलाई आधुनिक बनाउन स्मार्ट ग्रीडको अवधारणालाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याएको छ। उपयुक्त क्षमताका आन्तरिक प्रसारणलाइन निर्माण तथा विस्तारलाई प्राथमिकतामा राख्नुपर्ने मन्त्रालयको निष्कर्ष छ।

मन्त्रालयले डीपीआर तयार भएका आयोजनाको निर्माण समयमै सुरु हुन नसक्नुलाई प्रमुख समस्याका रूपमा औँल्याएको छ। आयोजनाको पहिचानदेखि अध्ययन, डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्यांकनसम्मका काममा पर्याप्त प्राविधिक जनशक्ति नहुँदा समस्या थपिएको प्रतिवेदनमा उल्लेख छ।

एमालेमा २९ केन्द्रीय सदस्य मनोनीत, ओलीको प्रस्तावमा योगेश भट्टराईको नोट अफ डिसेन्ट

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असोज

नेकपा एमालेले पार्टीको केन्द्रीय कमिटीमा २९ जना सदस्य मनोनीत गरेको छ।

चार दिनदेखि ललितपुरको भनिमण्डफमा जारी केन्द्रीय कमिटी बैठकले अध्यक्ष केपी शर्मा ओलीले प्रस्ताव गरेका नामलाई केन्द्रीय कमिटी सदस्यमा मनोनयन गर्ने निर्णय गरेको हो।

एमालेको विधानअनुसार केन्द्रीय कमिटीको १० प्रतिशत सदस्य मनोनयन गर्ने व्यवस्थाअनुसार अध्यक्ष ओलीले सचिवालय बैठकमा प्रस्ताव गरेका नामहरू केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरिएको थियो। बैठकले तीमध्ये २९ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गरेको हो।

मनोनीत हुनेमा विभिन्न दलबाट एमालेमा प्रवेश गरेका नेताहरूसहित एमालेमै रहेका नेताहरू छन्। पार्टी सचिव महेश बस्नेतका अनुसार यीबाहेक थप केही नेताहरूको नाम पनि केन्द्रीय कमिटीबाट अनुमोदन हुनेछन्।

तर अध्यक्ष ओलीको प्रस्ताव र केन्द्रीय सदस्य मनोनयनको प्रक्रियाप्रति एमाले उपमहासचिव योगेश भट्टराईले गम्भीर असहमति जनाएका छन्। उनले मनोनयनको निर्णयमा नोट अफ डिसेन्ट लेखेका छन्।



एमालेको विधानअनुसार केन्द्रीय कमिटीको १० प्रतिशत सदस्य मनोनयन गर्ने व्यवस्थाअनुसार अध्यक्ष ओलीले सचिवालय बैठकमा प्रस्ताव गरेका नामहरू केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरिएको थियो।

भट्टराईले पार्टीको केन्द्रीय कमिटीमा १० प्रतिशत सदस्य मनोनयन गर्ने विषयमा अध्यक्ष ओलीले प्रस्तुत गरेको प्रस्तावप्रति असहमति जनाउँदै आफ्नो फरक मत दर्ज गराएका हुन्। उनको असहमति मनोनयनको प्रक्रिया र त्यसका लागि प्रस्तुत गरिएका नामसँग सम्बन्धित रहेको बताइएको छ।

चार दिनदेखि जारी केन्द्रीय कमिटी बैठकमा पार्टीको सांगठनिक संरचना, नेतृत्व र आगामी कार्यदिशालगायत विषयमा छलफल भइरहेको छ। यही बैठकमा अध्यक्ष ओलीले केन्द्रीय कमिटीमा मनोनयनका लागि नामहरू प्रस्ताव गरेका थिए।

मनोनीत २९ केन्द्रीय सदस्य

एमाले केन्द्रीय कमिटीमा मनोनीत हुनेमा काशीनाथ अधिकारी, देवराज घिमिरे, बिमला धिमिरे, शिवमाया तुम्बाहाम्फे, हरि घिमिरे, प्रेम डंगाल, पासाङ शेर्पा, नरेन्द्र भट्टराई, शान्तिलाल महत, नन्दलाल देवकोटा, पाल्तेन शेर्पा, बिनोद पाण्डे, पुष्पा श्रेष्ठ, जानुका सिम्खडा र कौशला खती छन्।

त्यस्तै मोहम्मद इस्तियाक राई, प्रमोद यादव, डा. अब्दुल हुसैन, भवानी खापुङ, दीपक साउद, जया गोले, बाबी चाम्लिङ, श्रीप्रसाद शर्मा, धर्म निरौला, श्रुवराज विष्ट, अर्जुन राई, धर्म गिरी र जी. गुरुङ पनि केन्द्रीय सदस्यमा मनोनीत भएका छन्।

बैठकमा अध्यक्ष ओलीले प्रस्तुत गरेको प्रस्तावमाथि छलफलपछि यी नामहरू अनुमोदन गरिएको हो। एमालेको केन्द्रीय कमिटी बैठक आजै समापन हुँदैछ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

मौसमसँगै फेरिन्छ भेडीगोठालाका वासस्थान

काँक्रेविहार संवाददाता
मुगु, ८ असोज



मुगुको पूर्वी क्षेत्रमा पर्ने छायानाथ रारा नगरपालिका-६ का खात्तला, सिप्टीचौर र हुङ्क्याथला पाटनमा वर्षायाम सुरु भएसँगै भेडाका बथान देखिन थालेका छन् । बैंसीमा गर्मी बढेसँगै भेडापालक किसान चरनका लागि भेडालाई उच्च हिमाली क्षेत्रका पाटनमा लैजाने गर्छन् ।

छायानाथ रारा नगरपालिका-६ का भेडापालक किसान अमर कार्कीका अनुसार बैंसीमा गर्मी बढ्न थालेपछि हरेक वर्ष भेडाका बथान पाटनतर्फ लैजाने गरिन्छ । वैशाखदेखि कात्तिकसम्म विभिन्न पाटनमा भेडा चराउने र उच्च हिमाली क्षेत्रमा चिसो बढ्न थालेपछि मड्सिरको पहिलो सातादेखि बैंसीतर्फ झार्ने गरिएको उनले बताए ।

कार्कीले भने, “बर्खामा पाटनतिर र हिउँदमा बैंसीतिर भेडा लैजानु हाम्रो परम्परागत चलन हो । भेडाको चरन र मौसम अनुसार वर्षभरि वासस्थान परिवर्तन गरिरहनु पर्छ ।” बर्खायाममा हरिया पाटनमा सेता र काला भेडाका बथान चरिरहेको दृश्यले पाटनको सौन्दर्यसमेत बढाउने गरेको स्थानीय बताउँछन् । छायानाथ रारा नगरपालिका-६ का स्थानीय भुमल बोहोराका अनुसार विगतमा भेडालाई स्थानीय यातायात तथा सामान ओसारपसारका साधनका रूपमा समेत प्रयोग गर्ने गरिन्थ्यो । भेडापालक किसान बोहोराका अनुसार भेडापालनबाट आम्दानी राम्रै भए पनि पेसा निकै दुःखपूर्ण रहेको गुनासो गरे । उनी भन्छन्, “हिउँदमा चिसो छल्न बैंसी झर्नुपर्ने र बर्खामा पुनः पाटन उक्लनुपर्ने भएकाले भेडापालकको जीवन घुमन्ते प्रकृतिको हुन्छ । अहिले बैंसीमा पनि भेडा चराउने ठाउँ पाउन कठिन छ । एकै ठाउँमा कहिल्यै बास हुँदैन ।”

बढाइयो ‘स्क्रब टाइफस’ को परीक्षण

काँक्रेविहार संवाददाता
सल्यान, ८ असोज



सल्यानको दार्मा गाउँपालिकामा ‘स्क्रब टाइफस’ रोगको सङ्क्रमण बढ्दै गएपछि सङ्घ र प्रदेश सरकारले प्रभावित क्षेत्रमा थप एक हजार पाँच सय थान परीक्षण किट र आवश्यक औषधी पठाएका छन् । पछिल्लो दुई दिनमा ३५१ जनाको परीक्षण गर्दा ९७ जनामा ‘स्क्रब टाइफस’ पुष्टि भएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । दार्मामा पछिल्लो एक महिनामा ‘स्क्रब टाइफस’ का कारण सात जनाको मृत्यु भएको छ । सङ्क्रमण बढेपछि प्रभावित बस्तीमा स्वास्थ्यकर्मी परिचालन गरी परीक्षण, उपचार तथा निगरानीलाई तीव्रता दिइएको छ । परीक्षणका लागि आवश्यक किट अभाव भएपछि गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग थप किट उपलब्ध गराउन माग गरेको थियो । त्यसपछि काठमाडौँस्थित इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले एक हजार थान ‘स्क्रब टाइफस’ च्यापिड टेस्ट किट दार्माका लागि पठाएको हो । यस्तै कर्णाली प्रदेश सरकारले पाँच सय थान परीक्षण किटसँगै आवश्यक औषधी पठाएको छ । मुख्यमन्त्री मङ्गलबहादुर शाहीले बुधबार बिहान प्रदेश स्वास्थ्य सेवा निर्देशनालय र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई प्रभावित क्षेत्रमा तत्काल परीक्षण किट र औषधी पठाउन निर्देशन दिए अनुसार आवश्यक औषधी र परीक्षण किट बिहानै सल्यान पठाइएको प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका प्रमुख डा. रविन खड्काले जानकारी दिए ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०६/०९

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री तिलक प्रसाद शर्मा** धनी रहेको, **दर्ता नम्बर** २१६९/०७१/०७२ बाट **कुनाथरी-७, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री धारापानी बाख्रा फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



नेपाल रेडक्रस सोसाइटी

कर्णाली प्रदेश कार्यालय

स्वास्थ्य सेवा सम्बन्धी उपकरण, औजारहरू र सामग्रीहरू खरीद सम्बन्धी शिलवन्दी बोलपत्र आह्वानको सूचना

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०६/०९)

गाउँपालिकाको कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, र नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयको संयुक्त साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (SUDHAR) परियोजना अन्तर्गत समुदायको स्वास्थ्य अवस्था सुदृढिकरण गर्न योगदान पुऱ्याउने क्रममा समुदाय स्तरका स्वास्थ्य संस्थाहरू मार्फत गुणस्तरीय/प्रभावकारी सेवा प्रदान होस् भन्ने उद्देश्यले स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरूका लागि स्वास्थ्य सेवा सम्बन्धी उपकरण, औजारहरू र सामग्रीहरू खरिद गर्नु पर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. बोलपत्र फारम नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयबाट नगद रू. ४,०००।- (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ र जम्मा गरेको रकमको नगदी रसिदको प्रति बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
२. बोलपत्रदाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई मूल्य अभिवृद्धि कर (VAT) तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको र अद्यावधिक कर चुक्ता प्रमाणपत्र (Tax Clearance) प्राप्त गरेको हुनुपर्नेछ । शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।
३. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा कार्यालयले उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामानको दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अकं वा अक्षर मान्य हुने छैन ।
५. बोलपत्र फारममा उल्लेख भएका सबै सामाग्रीहरूको दरभाउ पेश गर्नुपर्नेछ, आँशिक रूपमा भरिएका बोलपत्र फारम रद्द हुनेछ ।
६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन १:३० बजे (सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) बोलपत्रदाता स्वंय वा निजको प्रतिनिधीको उपस्थितीमा यस प्रदेश कार्यालयमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरूप नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट बोलपत्र पेश गरेको अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधी भएको बैंक ग्यारेण्टी (Bid Bond) वा सुर्खेत स्थित सिद्धार्थ बैंकमा रहेको नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रोभिन्स खाता नं ५५५०१३८४१८० मा जम्मा गरी सक्कल बैंक भौचर संलग्न गर्नु पर्नेछ ।
८. बोलपत्र स्वीकृत भएपछि बोलपत्र अंङ्कको १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानी जम्मा गर्नुपर्नेछ ।
९. बोलपत्र सम्बन्धी शर्तहरू नेपाल रेडक्रस सोसाइटीको आर्थिक तथा खरिद नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । उक्त सबै सामग्रीका लागि परियोजनामा भएको बजेट भन्दा बढि भएमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. यस बाहेक थप जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नम्बर ०८३५९०२५, ५९०२५६ वा इमेल karnali.province@nrcs.org मा सम्पर्क गर्न सकिनेछ ।
११. बोलपत्र फाराम बुझाउने अन्तिम मिति २०८३/०६/२३ गते कार्यालय समय ५.०० बजेसम्म हुनेछ ।

शिलबन्दी बोलपत्र फारम पेश गर्ने ठेगाना/स्थानः
नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालय
आँखा अस्पताल चोक, वीरेन्द्रनगर सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)